# जिल्ला समन्वय समितिको कार्यालय खोटाङमा प्रस्तुत

# वार्षिक समीक्षा कार्यक्रम

तथा

# स्थानीय तहहरूको असल अभ्यास तथा अनुभव आदान-प्रदान कार्यक्रमको

# प्रतिवेदन

२०८२

जिल्ला समन्वय समितिको कार्यालय, खोटाङ

२०८२ मंसीर

**जिल्ला समन्वय समितिको कार्यालय खोटाङमा सञ्चालन भएको वार्षिक समीक्षा कार्यक्रम तथा स्थानीय तहहरूको असल अभ्यास तथा अनुभव आदान-प्रदान कार्यक्रमको प्रतिवेदन २०८२**

## १. पृष्ठभूमि/ परिचयः

नेपालको संविधानको भाग १७ को धारा २२० बमोजिम जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरू बीच समन्वय स्थापित गर्न जिल्ला सभा, जिल्ला समन्वय समिति व्यवस्था गरिएको छ। संविधानको उक्त धाराको व्यवस्था अनुसार जिल्ला सभामा जिल्ला भित्रका गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगर कार्यपालिकाका प्रमुख र उपप्रमुख सदस्य रहनेछन्, गाउँ सभा र नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले तीस दिन भित्र जिल्ला सभाको पहिलो बैठक बस्नेछ। जिल्ला सभाले एकजना प्रमुख, एक जना उपप्रमुख, कम्तिमा तीन जना महिला र कम्तिमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ। जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ, सम्बन्धित जिल्लाभित्रको गाउँ सभा वा नगर सभाको सदस्य जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख, वा सदस्यको पदको उम्मेदवार हुन योग्य हुनेछ भनि उल्लेख भएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद-१२ दफा ९१(१)ञ मा  जिल्लाभरको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तिमा १ पटक वार्षिक समीक्षा कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने सांसदलाई आमन्त्रण गरी सुझाव लिने उल्लेख भएको र दफा ९२(२) बमोजिम जिल्ला समन्वय समितिको गठन पश्चात जिल्ला सभाले गर्ने सम्पूर्ण कार्य जिल्ला समन्वय समितिको नाममा हुनेछ भन्ने व्यवस्था रहेको छ ।

उल्लिखित कानूनी व्यवस्थासमेतका आधारमा जिल्ला समन्वय समिति खोटाङको आयोजनामा मिति २०८२ साल कार्तिक २९ र ३० गते आ.ब. ०८१/८२ को वार्षिक समीक्षा तथा स्थानीय तहहरूको असल अभ्यास तथा अनुभव आदान-प्रदान सम्बन्धी कार्यक्रम सम्पन्न भएको छ । जिल्ला समन्वय समिति खोटाङका प्रमुख सनबहादुर राईको अध्यक्षतामा सम्पन्न भएको उक्त समीक्षा कार्यक्रमलाई खरिदार सुमन वास्तोला र स्वकीय सचिव दुर्गा राईले सञ्चालन गर्नुभएको थियो। सामाजिक विकास मन्त्री एवं प्रदेश सभा सदस्य माननीय पाँचकर्ण राईको प्रमुख आतिथ्यता, जिल्ला समन्वय समितिका उपप्रमुख सुरेश कुमार तामाङको स्वागत मन्तव्य सहित सञ्चालन गरिएको उक्त कार्यक्रमलाई नायब सुब्बा सिताराम आचार्यले सहजिकरण गर्नुभएको थियो । कार्यक्रममा खोटाङ जिल्लाका विभिन्न १० वटा पालिकाहरू मध्ये ७ वटा पालिकाहरूका प्रमुख, उपप्रमुख,

प्रमुख प्रशासकीय अधिकृत, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, अन्य निकायका कार्यालय प्रमुख, विभिन्न संघ संस्थाका प्रमुख र जिल्ला समन्वय समितिका पदाधिकारी तथा कर्मचारीहरूको सहभागिता रहेको थियो ।

जिल्लामा रहेका स्थानीय तह, सङ्घीय तथा प्रदेशका सरकारी कार्यालय र गैरसरकारी संस्थाहरूले आ.ब. ०८२/०८३ मा सञ्चालन गरेको योजना तथा कार्यक्रमको प्रगतिको अवस्था, आइपरेका समस्या र चुनौतीहरूका बारेमा प्रस्तुतिकरण गरे पश्चात् छलफल गरी सुझावहरू दिइएको थियो।

यस प्रतिवेदनमा समावेश गरिएको स्थानीय तहहरूको असल अभ्यास तथा अनुभव आदान–प्रदान कार्यक्रम र वार्षिक समीक्षासम्बन्धी गतिविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा निर्धारित कानूनी व्यवस्थामा आधारित रहेको छ। जिल्ला समन्वय समितिलाई जिल्लाभित्र रहेका स्थानीय तहहरूबीच समन्वय, सहकार्य र सद्भाव प्रवर्द्धन गर्ने; स्थानीय सरकारका कार्य, उपलब्धि तथा चुनौतीहरूको अनुगमन, मूल्याङ्कन र समीक्षा गर्ने; साथै स्थानीय तहहरूमा देखिएका असल अभ्यास, सिकाइ र अनुभवहरू सङ्कलन तथा आदान–प्रदान गर्ने अधिकार र दायित्व प्रदान गरिएको छ।

उक्त कानूनी व्यवस्था अनुसार जिल्ला समन्वय समितिले जिल्लाभित्रका सबै स्थानीय तहहरू सहभागी हुने गरी वार्षिक समीक्षा कार्यक्रम, विषयगत छलफल, उत्कृष्ठ अभ्यास पहिचान तथा आदान–प्रदानका क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ। यसले जिल्लाको समग्र विकास व्यवस्थापनमा आवश्यक समन्वय सुदृढ गर्न, पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्न तथा स्थानीय तहहरूबीच ज्ञान, अनुभव र प्रमाणित अभ्यासहरूको प्रवाहलाई संस्थागत स्वरूप प्रदान गर्न महत्वपूर्ण योगदान पुगेको छ।

## २. <u>कार्यक्रमको उद्देश्यः</u>

जिल्ला समन्वय समिति खोटाङको वार्षिक स्वीकृत कार्यक्रमका निर्धारित उद्देश्य हासिल गर्ने उद्देश्यले खोटाङ् जिल्लास्थित सम्बन्धित विषयगत कार्यालयहरू र स्थानीय तहहरूको सहभागितामा वार्षिक समीक्षा तथा स्थानीय तहको असल अनुभव आदान– प्रदान कार्यक्रमका सम्पन्न गरिएको थियो । यसका अतिरिक्त कार्यक्रमका उद्देश्यहरू देहायअनुसार रहेका थिएः

- वार्षिक विकासका लक्ष्य र उपलब्धिहरूको समीक्षा गर्नु,
- आयोजना सञ्चालनमा पृष्ठपोषण दिई विकास निर्माण कार्यलाई थप प्रभावकारी बनाउनु,
- योजना तथा कार्यक्रमहरूको सञ्चालन प्रकृयामा जनसहभागिताको विकास गर्नु,
- स्थानीय तहका र सरकारी कार्यालयबीच विकास निर्माण कार्यका लागि सुमधुर सम्बन्ध स्थापित गर्नु,

- जिल्ला समन्वय समितिको भूमिकालाई प्रभावकारी बनाउनु,
- पालिकाबाट कार्यान्वयन भएका असल अभ्यास सम्बन्धी कार्यको अनुभव साटासाट गर्नु, अनुकरणीय असल अभ्यासहरूलाई प्रोत्साहन र प्रवर्द्धन गर्नु
- स्थानीय तहहरूबीच विकास निर्माण कार्यमा एकरुपता कायम गर्नु।

## ३. कार्यक्रम सञ्चालन मिति, समय र स्थानः

मिति २०८२/०७/२९ गते बिहान ८.०० वजेदेखि बेलुका ६.०० बजे सम्म र २०८२/०७/३० गते बिहान ८.०० वजेदेखि बेलुका ६.०० वजेसम्म जिल्ला समन्वय समिति खोटाङको समीक्षा हलमा कार्यक्रम सम्पन्न भएको थियो । पहिलो दिन गरिएको वार्षिक विकास कार्यक्रमको समीक्षामा ५८ जनाको उपस्थिति रहेको थियो । दोश्रो दिनको स्थानीय तहहरूको असल अभ्यास तथा अनुभव आदान– प्रदान कार्यक्रममा ४१ जनाको उपस्थिति रहेको थियो। पालिकाहरू तथा जिल्लास्थित अन्य सरकारी कार्यालयबाट समीक्षा कार्यक्रममा सहभागि हुनआउने प्रतिनिधिहरूको लागि खाना तथा आवासको प्रबन्ध गरिएको थियो । कार्यक्रमको समयतालिका अनुसूचीमा संलग्न गरिएको छ ।

## ४. कार्यक्रम सञ्चालनको विधि/प्रक्रियाः

यो कार्यक्रम मूख्यरुपमा सम्पूर्ण सरकारी कार्यालय र स्थानीय तहहरूले अघिल्लो आर्थिक वर्षको प्रगति प्रतिवेदन प्रस्तुत गरी विकास निर्माण कार्यमा भएको उपलब्धि तथा सामना गर्नुपर्ने चुनौतीहरूका छलफल तथा स्थानीय तहहरूल आफ्नै भूमिकामा गरेका असल अभ्यास सम्बन्धि कार्यक्रमको प्रस्तुतिकरण गरिएको थियो। निर्धारित विषयवस्तु माथि क्रमिक रुपमा सैद्धान्तिक विधिबाट सहजीकरण गर्दै, कार्यालय प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दलका प्रतिनिधि तथा बुद्धिजिवि बिच सहकार्य कायम गरी कार्यक्रम कार्यान्वयनमा कसरी सहजता हुन्छ। साथै सहभागी सरकारी कार्यलयका कार्यालय प्रमुख र सबै सहभागि पालिकाका प्रमुख प्रशासकीय अधिकृतहरूले आफ्ना निकायको प्रगति विवरण पालैपालो प्रस्तुतिकरण गर्न लगाइएको थियो।

खोटाङ जिल्लामा जिल्ला समन्वय समिति खोटाङको समन्वयमा तथा सम्बन्धित विषयगत कार्यालयहरू र स्थानीय तहहरूको सहभागितामा आयोजना गरिएको वार्षिक समीक्षा तथा असल अनुभव आदान–प्रदान कार्यक्रम निर्धारित उद्देश्य हासिल गर्ने उद्देश्यले योजनाबद्ध, व्यवस्थित तथा परिणाममुखी ढङ्गले सञ्चालन

गरिएको थियो। कार्यक्रम सञ्चालनका सम्पूर्ण चरणमा प्रचलित कानून, सरकारी कार्यविधि तथा सुशासनका मान्य सिद्धान्तहरूको पालना गरिएको थियो।

**पूर्वतयारी तथा समन्वय प्रक्रिया**

कार्यक्रम सञ्चालनपूर्व जिल्ला समन्वय समिति खोटाङ, जिल्ला प्रशासन कार्यालय खोटाङ तथा सम्बन्धित विषयगत कार्यालयहरूसँग आवश्यक समन्वय गरी कार्यक्रमको मिति, समय, स्थान र कार्यसूची निर्धारण गरिएको थियो। साथै जिल्लास्थित सबै स्थानीय तह, कार्यालय प्रमुख, सम्बन्धित कर्मचारी तथा सरोकारवाला निकायहरूलाई औपचारिक रूपमा सूचित गरी कार्यक्रमको सहभागिता सुनिश्चित गरिएको थियो। वार्षिक प्रगति विवरण, तथ्याङ्क, उपलब्धि तथा समीक्षा सूचकहरू संकलन गरी प्रस्तुतीकरण सामग्री पूर्वतयारीका रूपमा तयार गरिएको थियो।

**कार्यक्रम उद्घाटन तथा उद्देश्य प्रष्ट्याउने प्रक्रिया**

कार्यक्रमको औपचारिक उद्घाटनपछि कार्यक्रमको पृष्ठभूमि, उद्देश्य, अपेक्षित उपलब्धि तथा सञ्चालन विधि सहभागीहरूलाई स्पष्ट रूपमा जानकारी गराइएको थियो। साथै कार्यक्रम सञ्चालनका क्रममा पालना गर्नुपर्ने कार्यसूची, समय व्यवस्थापन तथा सहभागिताको ढाँचाबारे समेत जानकारी गराइएको थियो।

**वार्षिक प्रगति प्रस्तुतीकरण तथा समीक्षा प्रक्रिया**

सम्बन्धित कार्यालय तथा स्थानीय तहहरूले आ–आफ्नो वार्षिक प्रगति, उपलब्धि, बजेट कार्यान्वयन अवस्था, देखिएका चुनौती तथा सिकाइहरू तथ्यमा आधारित प्रस्तुतीकरणमार्फत प्रस्तुत गरेका थिए। प्रस्तुत विवरणहरूलाई स्वीकृत लक्ष्य, कार्यक्रम तथा समीक्षा सूचकका आधारमा विश्लेषण गरी समग्र प्रगतिको समीक्षा गरिएको थियो।

**असल अनुभव आदान-प्रदान तथा समूह छलफल प्रक्रिया**

समीक्षा प्रक्रियालाई थप प्रभावकारी बनाउन विषयगत समूह छलफल तथा असल अनुभव आदान–प्रदान सत्र सञ्चालन गरिएको थियो। समूह छलफलका क्रममा सफल अभ्यास, नवप्रवर्तन, कार्यान्वयनका असल अनुभव, सिकाइ, देखिएका समस्या तथा समाधानका सम्भावित उपायहरूबारे विस्तृत छलफल गरिएको थियो।

### सुझाव, प्रतिक्रिया तथा प्रश्नोत्तर प्रक्रिया

प्रस्तुतीकरण तथा छलफलपछि सहभागीहरूबीच खुला प्रश्नोत्तर सत्र सञ्चालन गरिएको थियो। यस क्रममा सहभागीहरूबाट प्राप्त सुझाव, प्रतिक्रिया तथा सुधारका उपायहरू संकलन गरी आगामी कार्यसम्पादनमा उपयोग गर्ने उद्देश्यले अभिलेखीकरण गरिएको थियो।

### निष्कर्ष, निर्णय तथा आगामी कार्यदिशा

कार्यक्रमको अन्त्यमा छलफल तथा समीक्षाबाट प्राप्त मुख्य निष्कर्षहरू प्रस्तुत गरिएको थियो। साथै आगामी आर्थिक वर्षमा सुधार गर्नुपर्ने क्षेत्र, प्राथमिकताका विषयहरू तथा कार्यदिशा निर्धारण गर्दै सम्बन्धित निकायहरूको जिम्मेवारी र समयसीमा समेत स्पष्ट गरिएको थियो।

### अभिलेखीकरण तथा प्रतिवेदन प्रक्रिया

कार्यक्रमका सम्पूर्ण गतिविधि, प्रस्तुतीकरण, छलफलका निष्कर्ष, सुझाव तथा निर्णयहरू विधिवत् रूपमा अभिलेखीकरण गरिएको छ। संकलित विवरणका आधारमा यो वार्षिक समीक्षा तथा असल अनुभव आदान–प्रदान सम्बन्धी प्रतिवेदन तयार गरिएको हो।

## ५. वार्षिक प्रगतिको समीक्षा

जिल्लामा रहेका पालिकाहरूका साथै संघ तथा प्रदेश तर्फका देहायबमोजिमका कार्यालयहरूबाट वार्षिक कार्यक्रम, बजेट तथा खर्चको प्रगति सम्बन्धी प्रस्तुतिकरण भएकोमा सो को संक्षिप्त विवरण देहायबमोजिम तालिकामा प्रस्तुत गरिएको छ ।

कार्यक्रममा उपस्थिति रहेका पालिकाहरूबाट प्रस्तुत भएको विवरणको आधारमा तयार गरिएको प्रगति समीक्षाको संक्षिप्त विवरण तपसिल बमोजिमका तालिकाहरूमा पस्तुत गरिएको छ ।

## आर्थिक वर्ष (२०८१/८२) को पालिकाहरूको खुद आम्दानीको र खर्च विवरण (रकम रु. हजारमा)

(रकम रु. हजारमा)

| स्थानीय तहको नाम | समानीकरण | | शशर्त | | समपूरक | | विशेष | | जम्मा अनुदान | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्घ | प्रदेश | सङ्घ | प्रदेश | सङ्घ | प्रदेश | सङ्घ | प्रदेश | सङ्घ | प्रदेश |
| जन्तेढुंगा गा.पा. | ७,१७,५६ | ५४९४ | १७९९६१ | ३४८८ | | | | | २५१७१७ | ८०८२ |
| रावाबेशी गा.पा. | ६८४५२९६० | ४३३२०००० | १६४४८८०००/- | २७५२१०००/- | ३७४६०००/- | १५६२२०००/- | १५५०००००/- | १०००००००/- | ३८९२२०१५२/- | ३३७०००००- |
| बराहपोखरी गा.पा. | ७०६५५ | ४४४५ | १६७११३ | १४३७३ | १५००० | ९४०० | | | २५२७६८ | २८२१८ |
| दि.रु.म.न.पा. | १२,९८,४०,४०० | ८९,४२,००० | ५१,७८,१३,००० | ८,२१,८४,००० | ५०,००,००० | १,३०,००,००० | | | ६५२६५३४०० | १०४१२६००० |
| खोटेहाङ गा.पा. | ८५४२८.५६ | ५६२४ | २८०३८१२५ | २२१६७ | १५००० | ९५००० | ३०००० | | ४१०८०९.८१ | ३७२९२ |
| ह.तु.न.पा. | १०४७०० | ६४०३ | ३४२३५५ | ४६२५२ | ० | १३००० | २६००० | ० | ४४७६५५ | |
| केपिलासगढी | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| गा.पा. | | | | | | | | | | |
| साकेला गा.पा. | ६६१२३ | ४०९४ | १३७२१३ | ६४९९ | ११७०० | ० | ११७४२ | ० | २२२६७७८ | १०५९३ |
| ऐसेलुखर्क गाउँपालिका | ७२,७६५.६८ | ४,६९५.०० | २,१४,२००.२५ | २१,३५१.०० | ११,२५०.०० | ६,१६५.०७ | १३,५००.०० | ० | ३,११,७१५.९३ | ३२,२११.०७ |

पालिकाहरूको आन्तरिक आय, राजस्व बाँडफाँट, रोयल्टी र अन्य तर्फ आम्दानी विवरण (आ.ब.०८१/०८२) (रकम रु. हजारमा)

| सि.नं. | स्थानीय तहको नाम | आन्तरिक स्रोत | राजस्व बाँडफाँट | | रोयल्टी | ऋण | अन्य | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | सङ्घ | प्रदेश | | | | |
| १ | जन्तेढुंगा गा.पा. | २६७०० | ७०८७६ | ३२,०५ | | | | ३७,७२,३२ |
| २ | रावाबेशी गा.पा. | ४१४८७६३.४५ | ६३४३९८२२.२७ | ३२२७२६३.२३ | | | | ४२२९२०१५२ |
| ३ | बराहपोखरी गा.पा. | ४७२४ | | | | | | |
| ४ | दि.रु.म.न.पा. | १,६३,३८,३९४।२५ | १२,५५,६५,७४७।२४ | २,५२,५५,४६८।३६ | | | | |
| ५ | खोटेहाङ गा.पा. | ८१७९.५४ | ८६०९४.२८ | ५४०३.४० | | | | ९९६७७.२३ |
| ६ | ह.तु.न.पा. | १४०५९ | ११९६०० | १५४६४ | ० | ० | ० | १४९१२३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | केपिलासगढी | - | - | - | - | - | - | - |
| ८ | साकेला गा.पा. | १५६४ | ५३९३२ | ० | ० | ० | ५०,००० | १०५४९६ |
| ९ | ऐसेलुखर्क गा.पा. | ३,४७४.९७ | ७२,६६२.४२ | २८,२५.८७ | | | ७५.१३ | ७९,०३८.३८ |

## पालिकाहरूको विषयक्षेत्रगत विनियोजन र खर्चको अवस्था (आ.ब.०८१/०८२) (रकम रु. हजारमा)

| सि.नं. | स्थानीय तहको नाम | आर्थिक विकास | | सामाजिक विकास | | पूर्वाधार विकास | | वन, वातावरण तथा विपद् व्यवस्थापन | | सुशासन तथा संस्थागत क्षमता विकास | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च |
| १ | जन्तेढुंगा गा.पा. | ३,३४,०७ | २,८५,५८ | २१५६८६ | १८४०७८ | ७१४६० | ६१२३९ | ७६२१ | ५२८३ | ५२०९ | ५१२९ | | |
| २ | रावाबेशी गा.पा. | ४५२३५१८७ | ३५०६८०६० | १४८०३४६०० | १३०२९००८० | ८५३०६५४० | ४५१५३८४१ | १५००००० | १३९२१८६ | २४६२९७५ | १७९६३०० | २८२५३९३०२ | २१३७००४६७ |
| ३ | बराहापोखरी गा.पा. | १९६९४ | १५२८३ | १९६३९४ | १७२५८८ | ७०३७९ | ५४९५१ | २६११ | २२७८ | २१६४६ | १८४५३ | | |
| ४ | दि.रु.म.न.पा. | १०,५४,८१.६१५ | ७,९२,१८.१८८ | ६२,६१,४८.७७० | ५७,०८,५५.०४९ | ८८५२२.५०० | ७८८६३.१६३ | | | ३१४०५.५९ | २६१४१.२७३ | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | खोटेहाङ गा.पा. | ५७६४५.२७ | ५०६६६.२० | २७६८७४.९३ | २४७९८६.५७ | ६२६७५.०८ | ४९९२८.०८ | १६३९५७८.७ | १३४४६८.८४ | ७१७० | ६९०६ | | |
| ६ | ह.तु.न.पा. | ३५१०७ | २९५०८ | ४२५५१२ | ३७५३१९ | १२०३७० | ८८२६६ | ५३२५ | ३८०७ | १३८४२ | १०८५४ | ६००१५६ | ५०७७५४ |
| ७ | केपिला सढी गा.पा. | ७७८१९५०० | | २५२९६५५०० | | ७१९३०००० | | | | ६६१०००० | | | |
| ८ | साकेला गा.पा. | ४९५७९ | ४३५०७ | ४२२९६१ | १२२६०२ | ५७६४२ | ३७४३६ | १००० | १००० | १३९१९५ | १११७०५ | ३८७३७७ | ३१६२५३ |
| ९ | ऐसेलुखर्क गा.पा. | १८,९४०.०० | ९,९१५.४६ | २,७९,५६६.०० | २,४४,८८३.०८ | ९१,९९०.०० | ५४,५४१.९६ | ८४,३५६.०० | ६८,५९०.३७ | ११,२३९.०० | ८,६३०.९३ | ४,८६,०९१.०० | ३,८६,५६१.८० |

## पालिकाहरूको वेरुजु फछ्यौंट सम्वन्धी विवरण

रकम रु. हजारमा

| सि.नं. | स्थानीय तहको नाम | आ.व. २०८१/८२ सम्मको कायम कुल वेरुजु | आ.व. २०८१/८२ मा फछ्यौंट भएको वेरुजु | | आ.व. २०८२/८३ मा फछ्यौंट गर्नुपर्ने कुल वेरुजु | लेखापरीक्षण अंकमा कायम भएको वेरुजु प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | | | |
| १ | जन्तेढुंगा गा.पा. | २९,७५,२७ | १,२१,२७ | | २९,७५,२७ हजारमा | | |
| २ | रावाबेशी गा.पा. | १२०२४५०५८/- | ० | ० | प्रतिवेदनप्राप्तनभएको | | |
| ३ | बराहपोखरी गा.पा. | १४३२०२ | ११३०० | | १३१९०२ | | |
| ४ | दि.रु.म.न.पा. | २४,२१,३४।७४ | ५,९३,१७।१८ | | २२,२३,९५।०१ | | |
| ५ | खोटेहाङ गा.पा. | २०००४७.७१ | १६८०२ | ८.४ प्रतिशत | - | - | |
| ६ | ह.तु.न.पा. | २३२८६५८३७ | ३७६६७५३ | | २२९०९९०८४ | | |
| ७ | केपिलासगढी गा.पा. | | | | | | |
| ८ | साकेला गा.पा. | २१,६३,०० | १८६०० | ८.८ प्रतिशत | १९७७०० | | |
| ९ | ऐसेलुखर्क गाउँपालिका | १४,५५,९९ | ० | ० | ५,७३५ | ०.९८ प्रतिशत | |

## ६. जिल्लाका अन्य सरकारी कार्यालयहरूको वार्षिक प्रगतिको विवरण

*तालिका १. खानेपानी तथा ढल व्यवस्थापन कार्यालय, खोटाङ*

| कार्यक्रम/आयोजना (PMO) | आयोजना संख्या | कार्यान्वयन भएको आयोजना | विनियोजित बजेट (रु.हजारमा) | जम्मा खर्च (रु.हजारमा) | वित्तीय प्रगति (%) | भौतिक प्रगति (%) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| जलबायु अनुकुलित बृहत खानेपानी आयोजना | १४ | ६ | ५६००० | १८६७४ | ३३.३५ | ३३.३५ | नयाँ आयोजना तयारी |
| केन्द्रिय खानेपानी आयोजना | ७ | ४ | १५४८५४ | १४१०३३ | ९१.०७ | ९१.०७ | क्रमागत आयोजना |
| ढल निर्माण तथा प्रशोधन कार्यक्रम | ३ | १ | ९००० | २८८२ | ३२.०२ | ३२.०२ | आयोजना तयारी |
| खानेपानी गुणस्तर तथा सुधार कार्यक्रम | ३ | २ | १०५०० | १०००० | ९५.२४ | ९५.२४ | क्रमागत आयोजना |
| खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम | १४ | १० | २१५०० | १४७८९ | ६८.७९ | ६८.७९ | सालबसाली प्रकृतिको आयोजना |
| जम्मा | | | २५१८५४ | १८७३७८ | ७४.४ | ७४.४ | |

*तालिका २. घरेलु तथा साना उद्योग कार्यालय, कोशी प्रदेश*

| | विनियोजित बजेट (रू.लाखमा) | | | खर्च (रू. लाखमा ) | | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रम विवरण | चालू | पूँजीगत | जम्मा बजेट | चालू | पूँजीगत | जम्मा खर्च | चालू | पूँजीगत |
| घरेलु तथा साना उद्योग कार्यालय प्रदेश | ८०.२२ | ६ | ८६.२२ | ५२.१७ | ५.८१ | ५७.९८ | ६५.०३% | ९६.८७% |
| उद्योग, वाणिज्य तथा आपूर्ति कार्यक्रम | ९८.१० | ४० | १३८.१ | ७३.६१ | ३९.० | ११२.६२ | ७५.०४% | ९७.५०% |

*तालिका ३. डिभिजन वन कार्यालय खोटाङ*

| कार्यक्रम | वार्षिक वजेट (रू. लाख) | | वार्षिक खर्च (रू. लाख) | | वार्षिक प्रगति (प्रतिशत) | |
|---|---|---|---|---|---|---|
| | पूँजीगत | चालु | पूँजीगत | चालु | भौतिक | वित्तिय |
| प्रदेश वन विकास तथा व्यवस्थापन | १४.५ | ८२.३२ | १४.५ | ७७.८ | ९९.३० | ९९.६६ |
| प्रदेश हरित अभियान | १० | ११ | ९.२ | ११ | ९९.० | ९९.५८ |
| वातावरण संरक्षण | १ | ४.५ | १ | ४.०४ | ९२.३८ | ८४.७३ |
| जडीबुटी विकास | १० | ० | १० | ० | १००.० | १००.० |
| वन्यजन्तु तथा वासस्थान संरक्षण | ० | ६.८५ | ० | ६.८५ | १००.० | १००.० |
| जडीबुटी विकास (सङ्घीय) | १७ | ० | १७ | ० | ९९.९८ | ९९.९९ |
| राष्ट्रिय वन विकास तथा व्यवस्थापन (सङ्घीय) | १० | ६ | ९.२ | ६ | ९५.०१ | ८०.०३ |
| वातावरण विभाग (सङ्घीय) | ४५ | ० | ४१ | ० | ९१.०१ | ९०.७१ |
| डिभिजन वन कार्यालयहरू | २५ | ३७२.३४ | २४.८ | ३६२.८८ | ८१.०७ | ८३.९३ |
| **जम्मा** | १३२.५ | ४८२.८४ | १२६.७ | ४६८.५७ | ९५.३१ | ९३.१८ |

*तालिका ४. खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय*

| | पूँजीगत बजेट (रू.लाखमा) | | खर्च प्रतिशत | |
|---|---|---|---|---|
| कार्यक्रम | | जम्मा बजेट | | जम्मा |
| प्रदेश खानेपानी तथा सरसफाइ व्यवस्थापन कार्यक्रम | | १६७१ | | ९९.०९ |
| खोटाङ | ९२९ | | ९८.७४ | |
| उदयपुर | ७४२ | | ९९.५४ | |
| जलवायु अनुकुलित बृहत खानेपानी आयोजना (संघीय सशर्त अनुदान) | | २६४.७६ | | ९९.०९ |
| खोटाङ | १४६.८६ | | ९९.५५ | |
| उदयपुर | ११७.९ | | ९८.४५ | |

*तालिका ५. जलश्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, कोशी प्रदेश*

| कार्यक्रम | योजना संख्या | वार्षिक बजेट (रू. लाखमा) | खर्च (रू. लाखमा) | वित्तिय प्रगति (%) | भौतिक प्रगति (%) |
|---|---|---|---|---|---|
| ***संघीय तर्फ*** | | | | | |
| सिँचाई आधुनिकीकरण अभिवृद्धि योजना | २ | ११५.५ | ४.१३ | ३.५७ | ० |
| विपद् प्रभावित जलश्रोत तथा सिँचाई पुनस्थापना आयोजना | १ | १२६.३१ | १३.१७ | १०.४३ | १० |
| | **जम्मा** | २४१.८१ | | २.६ | |
| ***प्रदेश तर्फ*** | | | | | |
| प्रदेश जलश्रोत तथा सिँचाई विकास व्यवस्थापन कार्यक्रम | ८६ | ६४० | ६०५.५८ | ९४.६२ | ९५.३१ |
| प्रदेश जलउत्पन्न प्रकोप नियन्त्रण कार्यक्रम | २६ | २७५ | २७४.८१ | ९९.९३ | १०० |
| प्रदेश वैकल्पिक तथा नवीकरणीय उर्जा विकास कार्यक्रम | २ | २० | १९.९९ | ९९.९५ | १०० |
| विपद् पुनर्निर्माण आयोजना | १५ | ६६.९६ | ६५.७२ | ९८.१५ | १०० |
| | **जम्मा** | १००१.९६ | ९६६.१ | ९८.१६ | ९८.८ |

*तालिका ६.पूर्वाधार विकास कार्यालय, खोटाङ*

| वार्षिक कार्यक्रम | आयोजना संख्या | बजेट (रू. हजारमा) |
|---|---|---|
| भौतिक पूर्वाधार विकास मन्त्रालय (संघ समपूरक अनुदान) | १ | ३०००० |
| श्रोत सहमति प्राप्त बहुबर्षीय आयोजनाहरू (शहरी विकास, सडक, पुल, भवन) | ९ | २५०००० |
| सडक तथा पूल पूर्वाधार | ११० | ५२१८५० |
| शहरी विकास तथा भवन पूर्वाधार | ३० | ९२७०० |
| आवास व्यवस्था कार्यक्रम (संघ सशर्त अनुदान)(जनता आवास कार्यक्रम) | १ | ५४२५ |
| वस्ती विकास कार्यक्रम(संघ सशर्त अनुदान) | १ | ३६००० |
| बैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम (संघ सशर्त अनुदान) | १ | १०००० |
| पूर्वाधार विकास कार्यालयहरु (पूँजीगत) | १३ | ४८५०० |
| **जम्मा** | १६६ | ९९४४७५ |

*तालिका ७. जिल्ला अस्पताल खोटाङ*

| कार्यक्रम | वार्षिक बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| अस्पतालहरु | ३५३७२ | २८४८५ | ८०.५३ |
| परिवार कल्याण कार्यक्रम | ९८३७ | ७७७१ | ७९.२ |
| अस्पताल सुदृढिकरण तथा विस्तार | ३७०० | ३६९२ | ९९.८ |
| अस्पताल सुदृढिकरण तथा विस्तार | १२४२२ | ९१९२ | ७४.०३ |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३००० | २९५५ | ९८.५३ |
| नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम | २७०० | २६९८ | ९९.९६ |
| स्वास्थ्य व्यवस्थापन कार्यक्रम | ५०० | ४९६ | ९९.२२ |
| जम्मा | | | ९०.१८ |

*तालिका ८. भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र*

| कार्यक्रम/आयोजना | बार्षिक बजेट (रु हजारमा) | पूँजिगत (रु हजारमा) | चालु (रु हजारमा) | कुल खर्च (रु हजारमा) | खर्च प्रतिशत | भारित प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | ६४४८ | ० | ६४४८ | ५०४० | ७८.१६ | १०० |
| पशु सेवा कार्यक्रम | ५९४० | १००० | ४९४० | ४४०० | ९१ | ९५.३१ |
| प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, | | | | | | |
| राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ | | | | | | |
| | ७२८२३ | २४०० | ७०४२३ | ६०६७२.८२ | ८३.३२ | ९४.१५ |

*तालिका ९. जिल्ला अस्पताल खोटाङ*

| | वार्षिक बजेट | | कूल खर्च |
|---|---|---|---|
| कार्यक्रम | चालू | पूँजीगत | |
| संघ सशर्त | रु.३,०६,१६,००० | - | ८४.०% |
| प्रदेश तर्फ | रु २,१४,०२,००० | २,००,००० | ७०.०% |

*तालिका १०. सडक डिभिजन, हर्कपुर*

| | योजनाको नाम | ठेक्का सम्झौता रकम | विनियोजन | भौतिक प्रगति (%) |
|---|---|---|---|---|
| **बहुवर्षिय आयोजना** | | | | |
| ३३७०११७६ निर्वाचन क्षेत्र रणनैतिक सडक | च्यास्मिटार सालचौतारी डिकुवा कुर्लेघाट, खोटाङ्ग | ३०,७४,७५ | १०,३०,०० | ७६ |
| 33701122 स्थानीय सडक पुल निर्माण | (सावा खोला पुल डम्बर्खु र बडका दियाले जोड्ने) | ६,९६,६५ | १,३०,०० | ३० |
| **सालबसाली कार्यक्रमहरू** | | | | |
| 33701138 राजमार्ग स्तरोन्नती तथा पुनर्स्थापना कार्यक्रम | दिक्तेल-सोलु-जुनबेसी-खहरे-जिरी बजार-तामाकोशी-चरिकोट-खाँडीचौर, | | ४,८८,०० | ६० |
| | खोटाङ्ग-सोलुखुम्बु (सडक निर्माण तथा स्तरोन्नती) | | | |
| | हलेसी दिक्तेल सडक खण्ड, खोटाङ्ग (सडक निर्माण तथा स्तरोन्नती) | २,५०,०० | ७५ | |
| ३३७०११६९ बैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम | सावा खोला चिमने बगर-थाम खर्क विमानस्थल, खोटाङ्ग | १,००,०० | सम्पन्न | |
| | किरात बाघबंसी सल्ले लामिडाँडा विमानस्थल सडक, खोटाङ्ग | १,००,०० | सम्पन्न | |
| | मैनाटार चिसापानी- सावा बम्सिलाघाट सडक स्तरोन्नती तथा कालोपत्रे | १,००,०० | सम्पन्न | |
| | सिम्पानी बजार-मेर्ला-खोटाङ्ग बजार-तामाखाम भञ्याङ सडक कालोपत्रे, | १,००,०० | सम्पन्न | |
| | मैनाटार चिसापानी दुम्साखोला सडक स्तरोन्नती तथा कालोपत्रे, खोटाङ्ग | १,००,०० | सम्पन्न | |
| 33701136 सडक तथा ट्राफिक सुरक्षा | हलेसी-दिक्तेल-चखेवा [NH03], खोटाङ्ग | ३५,०० | सम्पन्न | |
| ३३७३१०११३ सडक बोर्ड नेपाल | नियमित, पटके, आवधिक मर्मत सम्भार कार्य | १६,५६,०० | ८७ | |

*तालिका ११. कृषि ज्ञान केन्द्र*

| आयोजना/ कार्यक्रम | वार्षिक बजेट | | | वार्षिक बजेट खर्च | | | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजिगत | जम्मा | चालु | पुँजिगत | जम्मा | वित्तीय | भारित |
| कृषि ज्ञान केन्द्रहरु | १०१३६ | ० | १०१३६ | ७९४७.२ | ० | ७९४७.२ | ७८.४१ | ८०.४१ |
| कृषि विकास कार्यक्रम | ७३०० | १५०० | ७३०० | ५४८४.७ | १४९६ | ६९८१.१ | ९५.६३ | ९७.७४ |
| प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | ७६५ | ० | ७६५ | २३२ | ० | २३२ | ३०.३३ | ३०.३५ |
| **जम्मा** | १६७०१ | १५०० | १८२०१ | १३६६४ | १४९६ | १५१६० | ८३.२९ | ८५.२६ |

## ७. <u>जिल्लास्तरमा सञ्चालित भएको असल अभ्यास आदान-प्रदान कार्यक्रममा स्थानीय तहहरूबाट प्रस्तुत भएका असल अभ्यासको संक्षिप्त विषयवस्तुः-</u>

<u>हलेसी तुवाचुङ नगरपालिका</u>

- बदाम खेतीः  उत्पादन ५ मुरी ५००/- र ३००/- का दरले १२ लाखको आम्दानी भएको
- कृषि, पशुपंक्षी पालन (भैंसीपालन)सँग सम्बन्धित लघु-उद्यमीलाई ऋणको ब्याज अनुदान कार्यक्रम (५ लाख बराबरको)
- घरेलु मदिरा उत्पादन तथा ब्राण्डिङ गरिएको छ ।
- कपास खेती प्रवर्द्धन तथा कपडा उत्पादन उद्योग
- स्थानीय उत्पादन तर्फ दुनाटपरी उद्योग, अकबरे खोर्सानी उत्पादन कार्यक्रम
- सामुदायिक होमस्टे र निजी होमस्टे सञ्चालन तथा पूर्वाधार निर्माणमा सहयोग
- शिक्षिकालाई प्रसूति बिदा दिंदा नगरपालिकाले सुत्केरी सट्टा शिक्षक व्यवस्था गर्ने
- बालिका बचत कार्यक्रम (छोरी जन्म हुँदा नगरपालिकाले बच्चाको खातामा रकम जम्मा गरिदिने)

- नगरपालिकामा स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन (सेवाग्राही संख्याः ७५०)
- आमासमूहलाई बिउ पूँजी अनुदान कार्यक्रम
- टेलीमेडिसिन सेवा सञ्चालन (च्यास्मिटार स्वास्थ्य चौकी र नगर अस्पतालमा सञ्चालन)
- सुत्केरी तथा गर्भवतीलाई निशुल्क एम्बुलेन्स सेवा प्रदान (३० जना)

## बराहपोखरी गाउँपालिका

- लागत साझेदारीमा कृषकहरुलाई कृषिजन्य औजारहरु वितरण ।
- वराहपोखरी तालको सौन्दर्यीकरण ।
- वडा कार्यालय तथा विद्यालय भवनहरु निर्माण ।
- साझेदारीमा सिंचाई कार्यक्रम सम्पन्न ।
- विपद पिडित घरपरिवारहरुलाई आर्थिक सहायता प्रदान ।
- SEE परीक्षामा उत्कृष्ट विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण ।
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न ।
- पूर्णखोप गाउँपालिका घोषणा ।
- पालिकाबाट थप बजेट व्यवस्थापन भई १२ महिना नै निशुल्क वितरण गरिने औषधिको व्यवस्था ।
- वर्थिङ सेन्टरको निर्माण तथा सुदृढीकरण गरिएको ।

## रावाबेंसी गाउँपालिका

- जेष्ठ नागरिक, विपन्न परिवार तथा गर्भवती महिलालाई निःशुल्क एम्बुलेन्स सेवा कार्यक्रम
- सुत्केरी महिलालाई पोषण कार्यक्रम
- उच्च रक्तचाप र मधुमेहको स्क्रीनिङ कार्यक्रम ६ वटै वडामा सञ्चालन भएको
- आवाशीय विद्यालयको थालनी भएको
- राष्ट्रिय महत्वका बालीहरुको पकेट क्षेत्र निर्धारण गरी पकेटको कामहरु सञ्चालन भएको
- माटो व्यवस्थापन कार्यक्रम अन्तर्गत माटो परीक्षण शिविर सञ्चालन भएको
- तेलहन बालीमा आत्मनिर्भरतासम्बन्धी कार्यक्रम सञ्चालन

## जन्तेढुङ्गा गाउँपालिका

- आलु खेती प्रवर्द्धन कार्यक्रमः- गाउँपालिकाको पहलमा करिब ७० रोपनी क्षेत्रमा आलु खेती प्रवर्द्धन कार्यक्रम संचालन भएको ।६००० किलो आलु उत्पादन, विक्रीका लागि कोसेलीघर निर्माण। यसअघि स्थानीय किसानहरू परम्परागत तरिकाले आलु खेती गर्थे, जमीन बाँझो छोड्न थालेको अवस्था छ ।

मुख्य परिवर्तनः उन्नत बीउ, मल र औजार वितरण तथा प्राविधिक प्रशिक्षण, सामूहिक खेती, बजार व्यवस्थापन र मूल्य निर्धारण गरिएको ।

- रैथाने बाली प्रवर्द्धनः- आलु खेती पश्चात् रैथानै बाली अन्तर्गत तोरी, फापर वाली लगाउन तयार गरिएको । (फापर उत्पादन १७ मुरी)
- आवासीय विद्यालयः- निःशुल्क मार्फत् विपन्न, अपाङ्गता तथा वेसहारा बालबालिकाको लागि जन्तेढुङ्गा गाउँपालिकाको पहलमा लक्ष्मी मा.वि. काहुलेमा आवासीय सुविधा सुरु । विपन्न, अपाङ्गता भएका तथा बेसहारा बालबालिकाहरूमा पढाइभन्दा बाहिरिने सम्भावना बढी थियो ।
  मुख्य परिवर्तनः- १९ जना विपन्न, अपाङ्गता भएका तथा बेसहारा बालबालिकालाई पूर्ण रुपमा निःशुल्क आवास, आहार तथा ड्रेस र शैक्षिक सामग्रीसहित निःशुल्क पठनपाठन ।
- गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थामा ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम सञ्चालन ।

<u>खोटेहाङ गाउँपालिका</u>

- खोटेहाङ गाउँपालिकाका सबै मा.वि.हरुमा रु १८,००,०००।बराबरको SEE सपोर्ट कार्यक्रम सन्चालन गरिएको।
- व्याकहोलोडर मार्फत वर्ष भरिनै गाउँपालिका क्षेत्र भित्रका सडक यातायातलाई संचालनमा ल्याईएको।
- आ.व.२०८०/०८१ को निति तथा कार्यक्रममा उल्लेख भए वमोजिम जनप्रतिनिधि एवं कर्मचारीहरुका छोराछोरीहरुलाई अनिवार्य सरकारी विद्यालयमा पठन पाठन गराउने नीति लाई निरन्तरता दिईएको।
- सर्वसाधारणहरुको सेवाको लागि गाउँपालिकाद्धारा शब बहानको व्यवस्था गरिएको।
- राजश्व संकलनमा सुधार ल्याउनको लागि राजश्व सुधार योजना निर्माण गरिएको।
- खोटेहाङ गाउँपालिका भित्रका ६५ जना महिलाहरुलाई परिक्षण गर्दा १५ जना महिलाहरुमा पाठेघरको समस्या देखिएकाले नेपाल मेडिकल कलेज टिचिङ हस्पीटल काठमाण्डौंमा लगी निःशुल्क पाठेघरको अप्रेशन गरिएको।
- खोटेहाङ गाउँपालिकाभित्र सञ्चालित आँखा शिविर कार्यक्रममा ६०४ जना व्यक्तिहरुको आँखाको जाँच गरि ९८ जना व्यत्तिहरुको निःशुल्क शल्यक्रिया समेत सम्पन्न गरिएको।
- खादा र ब्याज पूर्ण रुपमा निषेध गरिएको ।
- सुत्केरी सट्टा शिक्षकको व्यवस्था गरिएको ।

<u>दिक्तेल रुपाकोट मजुवागढी नगरपालिका</u>

- बाँस उद्यम प्रवर्द्धनका लागि उद्योग स्थापना तथा क्षमता अभिवृद्धि कार्यक्रमः- नगरपालिकाको लगानिमा बाँस प्रशोधन उद्योग स्थापना गरिएको र उक्त उद्योगमा चागुनारायण फाउन्डेशनसँगको सहकार्यमा

बाँसको हस्तकला सामग्री निर्माण सम्बन्धी २ चरणमा तालिम सञ्चालन गरिएको र हाल तालिम प्राप्त उद्यमीबाट बाँसकला सम्बन्धी काम भईरहेका छन् ।

- पाडापाडी र कफी प्रवर्द्धन कार्यक्रमः- नगरपालिकामा भौगोलिक विशिष्टताको पूर्ण सदुपयोग र उपलब्ध जनशक्तिलाई स्वरोजगार बनाई यस क्षेत्रको प्रमुख जुनौतिका रुपमा रहेको बसाईसराई तथा खेती योग्य जमिन बाझिने कार्य कम गर्न कृषि क्षेत्रलाई उच्च प्राथामिकतामा राखि स्थानिय स्तरमा उपलब्ध पशु आहारा व्यवस्थापन गर्ने गरि मासु तथा तथा दुधमा आत्मनिर्भर हुने उद्धेश्यले पाडापाडी प्रवर्द्धन कार्यक्रम थालनी गरी २१६ वटा पाडापाडी वितरण गरिएको । कफी खेतीका लागि नगरपालिका र कृषक समूहको लगानीमा करीव ३ लाख कफी बेर्ना उत्पादन गर्नेगरी नर्सरी स्थापना गरिएको छ।
- उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमः- बाँदरको क्षतिबाट पीडित कृषकलाई राहत र आर्थिक लाभ पुग्ने गरी बैकल्पिक बालीका रुपमा प्याज, तोरी र महलाई प्राथामिकतामा राखी आ.व २०८०।८१ देखि निरन्तररुपमा कार्यक्रम सञ्चालन गरिएको । जसबाट नगरपालिका हालसम्म प्याजमा आत्मनिर्भर भएको देखिन्छ ।
- गर्भवती तथा सुत्केरी घरभेट कार्यक्रमः- सबै महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई तालिम दिई हाल प्रत्येक वडामा आमा समूह तथा वडा कार्यालयहरूको लगानीमा पोषण सामाग्री सहित घरभेट कार्यक्रम सञ्चालन भई रहेको।
- निःशुल्क स्वास्थ्य सेवाः- पाठेघर खस्ने समस्या भएका २८ जना महिलाहरुको निःशुल्क अपरेसनको लागि धुलिखेल स्थित सिर मेमोरियल अस्पताल लगेर सफल अपरेसन गरिएको। निःशुल्क आँखा शिविर सञ्चालन गरी ९६० जनाको निशुल्क आँखा परीक्षण गरिएको। केही वडाहरूमा जेष्ठ नागरिक घरभेट कार्यक्रम सञ्चालन गरी जेष्ठ नागरिकहरूको रक्तचाप, सुगर लगायतको स्कृनिङ कार्यको सुरुवात भएको।
- सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रमः- कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुर चितवनसँगको सहकार्यमा बजार क्षेत्रमा रहेका १०७ सामुदायिक कुकुरको वन्ध्याकरण कार्यक्रम सञ्चालन गरिएको।

**स्थानीय तहअनुसार असल अभ्यासहरूको संक्षिप्त विवरण देहायबमोजिमको तालिकामा प्रस्तुत गरिएको छ**

**तालिका १ : खोटाङ जिल्लाका स्थानीय तहहरूको असल अभ्यासको विवरण**

| क्र.सं. | स्थानीय तह | असल अभ्यास / कार्यक्रम | लक्षित समूह | उद्देश्य | प्रमुख उपलब्धि / प्रभाव |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका | एकीकृत तथा मोबाइल सेवा शिविर सञ्चालन | वृद्ध, अपाङ्ग, महिला, प्रवासी नागरिक | घरदैलोमै सरकारी सेवा उपलब्ध गराउने | सेवा पहुँच सहज, समय र लागतको बचत |
| २ | दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका | डिजिटल अभिलेख तथा ई–सेवा प्रणाली | सम्पूर्ण नगरवासी | सेवा प्रवाह छिटो, पारदर्शी बनाउने | प्रशासनिक कार्यक्षमता वृद्धि |
| ३ | हलेसी तुवाचुङ नगरपालिका | धार्मिक तथा पर्यटन प्रवर्द्धन (हलेसी धाम) | स्थानीय व्यवसायी, पर्यटक | पर्यटनमार्फत स्थानीय अर्थतन्त्र सबल बनाउने | रोजगारी सिर्जना, आन्तरिक पर्यटन वृद्धि |
| ४ | हलेसी तुवाचुङ नगरपालिका | संस्थागत क्षमता विकास कार्यक्रम | जनप्रतिनिधि, कर्मचारी | सुशासन र वित्तीय अनुशासन प्रवर्द्धन | LGPA तथा सुशासन सूचकाङ्कमा सुधार |
| ५ | केपिलासगढी गाउँपालिका | बुहारी शिक्षा कार्यक्रम | विवाहपछि पढाइ छोडेका महिलाहरू | महिला सशक्तिकरण र शिक्षा पहुँच विस्तार | महिलाको शैक्षिक सहभागिता वृद्धि |
| ६ | ऐसेलुखर्क गाउँपालिका | कृषि प्रवर्द्धन (अनुदान, तालिम) | किसान | कृषि उत्पादन र आम्दानी वृद्धि | व्यावसायिक कृषिमा आकर्षण |
| ७ | खोटेहाङ गाउँपालिका | स्वास्थ्य शिविर तथा मातृ–शिशु कार्यक्रम | गर्भवती महिला, बालबालिका | आधारभूत स्वास्थ्य सेवा विस्तार | मातृ तथा शिशु स्वास्थ्यमा सुधार |
| ८ | जन्तेढुङ्गा गाउँपालिका | स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | विद्यार्थी | स्थानीय भाषा, संस्कृति संरक्षण | स्थानीय पहिचान र सिकाइ प्रवर्द्धन |
| ९ | दिप्रुङ चुइचुम्मा गाउँपालिका | वित्तीय सुशासन र आन्तरिक नियन्त्रण प्रणाली | स्थानीय सरकार | पारदर्शी र उत्तरदायी शासन | उत्कृष्ट स्थानीय तहको रूपमा पहिचान |
| १० | रावा बेसी गाउँपालिका | ग्रामीण सडक तथा पहुँच सुधार | दुर्गम बस्तीका नागरिक | यातायात र बजार पहुँच विस्तार | सेवा तथा बजारसम्म पहुँच सहज |
| ११ | बराहपोखरी गाउँपालिका | सामुदायिक वन व्यवस्थापन | वन उपभोक्ता समूह | दिगो वातावरण संरक्षण | आयआर्जन र वातावरणीय सन्तुलन |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | साकेला गाउँपालिका | सांस्कृतिक संरक्षण तथा पर्व प्रवर्द्धन | आदिवासी/जनजाति समुदाय | संस्कृति संरक्षण र पर्यटन विकास | सांस्कृतिक पहिचान सुदृढ |

## ८. असल अभ्यास तथा समीक्षाका उपलब्धिहरू:

- पालिका र सरकारी कार्यालयबाट सञ्चालन भएका योजनाहरूको उपलब्धिको मूल्याङ्कन गरिएको,
- पालिकाहरूबीच आपसी सहयोग र साझेदारीमा कार्यसम्पादन भएको,
- जिल्लामा सन्तुलित विकासमा सहयोग पुगेको,
- जिल्ला समन्वय समिति, पालिका, सरकारी कार्यालय, राजनैतिक दल र कार्यालयहरूबीचको सम्बन्ध दरिलो भई सेवाप्रवाहमा प्रभावकारिता वृद्धि भएको,
- सङ्घीय व्यवस्थाको स्थायित्वमा सहयोग पुगेको,
- स्थानीय तहहरूको विकास निर्माण प्रक्रियामा एकरुपता कायम भएको
- असल अभ्यास कार्यक्रमको अन्य पालिकाले अनुशरण गरिएको।

## ९. समीक्षा कार्यक्रममा अनूभुत गरेको केही विषयहरू:

भौगोलिक विकटताको कारण पालिकाहरू  दुरीको हिसावले टाढा रहेको र जिल्ला समन्वय समितिमा उक्त कार्यक्रमको लागि पर्याप्त बजेट विनियोजन नभएको कारण कार्यक्रम सञ्चालन गर्न कठिनाई भएकोले यस प्रकृतिका कार्यक्रमहरू  सञ्चालन गर्दा खोटाङ जिल्ला स्थित सम्पूर्ण स्थानीय तहहरू  र सरकारी कार्यालयबिच समन्यव गर्नुपर्ने देखिन्छ।

**सबल पक्षहरू:**

- विषयवस्तु समय सान्दर्भिक र अति आवश्यक देखिएको,
- सहभागीहरू प्रगति विवरण अध्ययन गर्न उत्साहित देखिएको,
- अधिकांश सहभागीहरूको छलफल र अन्तरक्रियामा उत्साहजनक सहभागिता रहेको,
- नयाँ कार्यको थालनी गर्न सहयोग पुऱ्याएको।

**केही कमजोर पक्षहरू:**

- केही सहभागीहरूले कार्यक्रमको समयको पालना नगरेको,
- यस प्रकारका कार्यक्रमहरू गर्दा सहभागीहरूलाई यातायात तथा भ्रमण खर्च दिन पुग्नेगरी बजेटको व्यवस्था गर्न नसकिएको।

## १०. कार्यक्रमबाट भएका मुख्य सिकाई एवं निष्कर्ष:

- आगामी दिनमा सरकारी कार्यालय र पालिकाबाट सम्पादन हुने माथिका र अन्य विषयवस्तुहरूसँग सम्बन्धित सेवामा अझ सहजता वृद्धिगर्ने,
- सरकारी कार्यालय र पालिकाबिच आपसी सहयोग र साझेदारीमा कार्यसम्पादन गर्ने,
- जिल्लामा सन्तुलित विकासमा सहयोग पने,
- जिल्ला समन्वय समिति, सरकारी कार्यालय, पालिका, राजनैतिक दल र कार्यालयहरूबिचको सम्बन्ध दरिलो भई सेवाप्रवाहमा प्रभावकारिता बढाउने,
- संघीय व्यवस्थाको स्थायित्वमा सहयोग पुऱ्याउने,
- विकास निर्माण कार्यलाई प्रभावकारी ढङ्गबाट अगाडि बढाउने,
- असल अभ्याससम्बन्धी कार्यलाई अन्य पालिकाले समेत अनुशरण गरी लागू गर्ने प्रतिबद्धता प्रकट गरिएको।

## ११. कार्यक्रममा भएको खर्च:

आर्थिक वर्ष २०८२/८३ को वार्षिक समीक्षा कार्यक्रम र स्थानीय तहहरूको असल अभ्यास तथा अनुभव आदान प्रदान कार्यक्रमको वास्तविक खर्च विवरण तपशिल अनुसार रहेको व्यहोरा अनुरोध गर्न चाहान्छु।

| क्रसं. | खर्च शिर्षक | थान | वास्तविक खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| १ | स्टेशनरी | ५७ थान | ८,५५०/- | |
| २ | पानी/चिया | २५ कार्टुन | १२,५००/- | |
| ३ | विहानको खाजा | ५७ जनालाई | ११,४००।- | |
| ४ | विहानको खाना | ५७ जनालाई | २२,८०० ।- | |

| | | | | |
|---|---|---|---|---|
| ५ | बेलुकाको खाना/बास | ४० जनालाई | ४५,०४०।- | |
| ६ | खादा/व्यानर/व्याट्रि | | ६,१००।- | |
| ७ | प्रतिवेदन लेखन | | १,०००/- | |
| | **जम्मा** | | **१,०७,३९०/-** | |

## १२. निष्कर्षः

खोटाङ जिल्लामा रहेका स्थानीय तहहरूले सङ्घीय शासन प्रणाली कार्यान्वयनको क्रममा सेवाप्रवाहमा सुधार, सुशासन प्रवर्द्धन, सामाजिक समावेशीकरण, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा पूर्वाधार विकासका क्षेत्रमा विभिन्न नवीन र प्रभावकारी असलअभ्यासहरू अवलम्बन गरेका छन्। यस्ता अभ्यासहरूले स्थानीय तहको संस्थागत क्षमता अभिवृद्धि गर्नुका साथै नागरिकको जीवनस्तर सुधारमा महत्वपूर्ण योगदान पुऱ्याएका छन्। यस्ता अभ्यासहरूको निरन्तरता र अन्य स्थानीय तहमा पनि अनुकरण र विस्तार गर्नसकेमा सामाजिक समावेशीकरण तथा स्थानीय आर्थिक विकासमा सकारात्मक प्रभाव पार्ने र स्थानीय शासन प्रणाली अझ प्रभावकारी बन्ने अपेक्षा गर्न सकिन्छ।

प्रतिवेदन पेश गर्ने

.......................

सिताराम आचार्य

नि. जिल्ला समन्वय अधिकारी

## १३. कार्यक्रमका केही झलकहरू:







जिल्ला समन्वय समिति, खोटाङ
स्थानीय तहहरुको असल अभ्यास साथै अनुभव आदान
प्रदान तथा
आ.व. २०८१/०८२ को वार्षिक विकास कार्यक्रमको समीक्षा
र चालु आ.व. २०८२/०८३ को
विकास कार्यक्रमको
कार्यक्रम
आयोजक
खोटाङ


अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम
आ.व. २०८१/०८२ को प्रगति विवरण


जिल्ला समन्वय समिति, खोटाङ
स्थानीय तहहरुको असल अभ्यास साथै अनुभव आदान
प्रदान तथा
आ.व. २०८१/०८२ को वार्षिक विकास कार्यक्रमको समीक्षा
र चालु आ.व. २०८२/०८३ को
वार्षिक विकास कार्यक्रमको प्रस्तुतीकरण कार्यक्रम
२०८२ कार्तिक २८ र ३० गते
आयोजक
जिल्ला समन्वय समिति
खोटाङ

